# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

बबरमहल, काठमाण्डौं, नेपला
फोनः ९७७–१–४२६१०६०, ४२५७०२५ फ्याक्सः ९७७–१–४२६१०६०
ई–मेलः info@hidcl.org.np Web Site http://www.hidcl.org.np

को

## नगद लाभाँश वितरण सम्बन्धी अत्यन्त जरुरी सूचना

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको मिति २०७३ पौष २९ मा सम्पन्न पाँचौ वार्षिक साधारण सभाबाट पारीत भए बमोजिम आ.व.२०७२/०७३ को मुनाफाबाट छुट्टाईएको चुक्ता पूँजीको ५ प्रतिशत (कर समेत) को दरले हुन आउने नगद लाभाँश नेपाल धितोपत्र बोर्डको मिति २०७२/११/०६ को निर्देशन अनुसार सोझै बैंक खातामा रकमान्तरण गरिने व्यहोरा जानकारी गराउदछौं ।

सोहि सन्दर्भमा नगद लाभांश भुक्तानी Nepal Clearing House को IPS (Inter Bank Payment System) मार्फत तल उल्लेख गरिए अनुरुप शेयरधनीबाट बैंक खाता प्राप्त गरी सोझै उपलब्ध गराइएको खाता (शेयर आवेदन गर्दा उपलब्ध गराइएको विवरण तथा बैक खाताको विवरण हुवहु मिलेको हदसम्म तथा खाताधारक बैकको नियम अनुरुप) मा गरिने व्यहोरा सहर्ष जानकारी गराउदछौं ।

**अभौतिक शेयर (DeMat Share)**
मिति २०७३/०९/१२ मा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले आफ्नो हितग्राही खाता (DeMat Account) मा बैंक खाता अध्यावधिक गर्न सूचना जारी गरेको व्यहोरा समेत जानकारी गराउन चाहन्छौं ।

सिडिएस एण्ड क्लियरिङ्ग लि.को सूचना अनुरुप हितग्राही खातामा बैंक खाता अध्यावधिक गर्ने प्रक्रिया समेत शुरु भइसकेको सन्दर्भमा यस कम्पनीले नगद लाभांश भुक्तानी प्रयोजनका लागी गरिएको बुक क्लोजमा अभौतिकरुपमा शेयर धारण गर्ने शेयरधनीहरुको हकमा निजले आफ्नो हितग्राही खाता अद्यावधिक गराएको बैंक खातामा नै नगद लाभांश भुक्तानी गरीने व्यहोरा जानकारी गराउंदछौं । यसर्थ, बुक क्लोजको मितिमा अभौतिकरुपमा शेयरधारण गरेका शेयरधनीहरुलाई आफ्नो बैंक खाताको विवरण (Nepal Clearing House Ltd. (NCHL) अन्तर्गत IPS सदस्यता प्राप्त) आफुले हितग्राही खाता खोलेको सम्बन्धित निक्षेप सदस्यमा गई यथाशिघ्र अध्यावधिक गर्नुहुन अनुरोध गर्दछौं ।

**भौतिक शेयर (Physical Share)**
भौतिक रुपमा शेयर धारण गर्ने शेयरधनीहरुको हकमा समेत नगद लाभाँश सोझै बैंक खाता मार्फत वितरण गरिने हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुले आफ्नो नाममा रहेको Nepal Clearing House Ltd. (NCHL) अन्तर्गत IPS सदस्यता प्राप्त गरेको बैंक तथा वित्तीय संस्थाको विवरण यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आईएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा उपलब्ध गराइ दिनु हुन विनम्र अनुरोध गर्दछौं । बैंक खाताको विवरण उपलब्ध गराउंदा सम्बन्धित बैंकबाट हालसालै अध्यावद्यिक गरिएको बैंक खाता प्रमाणित गर्ने कागजात समेत पेश गर्नु पर्नेछ ।

यस अतिरिक्त सम्बन्धित भौतिक शेयर धारकहरुले हितग्राही खाता खोली शेयर अभौतिकिकरण गरेमा सो अभिलेखको आधारमा अभौतिकीकरण भएको हप्ताको अर्को शुक्रबार स्वतः लाभाँश भुक्तानीको प्रक्रिया सम्पन्न गरिने व्यहोरा समेत जानकारी गरउँदछौं ।

तसर्थ अभौतिक रुपमा शेयर धारण गर्ने शेयरधनीको हकमा सम्बन्धित हितग्राही खातामा बैंक खाता नम्बर अध्यावधिक गराएको तथा भौतिक रुपमा शेयर भएका शेयरधनीहरुको हकमा यस लिमिटेडमा प्राप्त निवेदनहरुको आधारमा मिति २०७३/११/०८ गते सम्मा प्राप्त भएका निवेदनहरुको हकमा मिति २०७३/११/१५ गते भित्र सम्बन्धित शेयरधनीहरुले उपलब्ध गराएको बैंक खातामा IPS पद्धतिद्धारा नगद लाभाँश पठाइने छ । उक्त समय पश्चात प्राप्त निवेदनहरुको हकमा प्रत्येक हप्ताको अन्त्यसम्ममा उपलब्ध विवरणको आधारमा अर्को शुक्रबार प्रशोधन गरिने व्यहोरा समेत जानकारी गराउदछौं ।

IPS द्वारा सोझै बैंक खातामा नगद लाभाँश जम्मा गरि दिंदा यस कम्पनीको तर्फबाट कुनै शुल्क कटौती गरिने छैन । तर सम्बन्धित बैंकको नियम अनुसार कुनै लागत लाग्ने भएमा सम्बन्धित शेयरधनीको लाभाँश रकमबाट नै काटिनेछ । यदी शेयरधनीले उपलब्ध गराएको बैंक खाताको विवरण गलत भई अरुको नाममा लाभाँश रकम जम्मा भएमा सोको जिम्मेवार स्वयम निवेदक हुनेछ । साथै उपलब्ध गराएको विवरण फरक परि रकमान्तरण गरेको लाभाँश रकम भुक्तानी हुन नसकी फिर्ता आएमा पुनः प्रशोधनको लागि शुल्क प्रति शेयरधनी रु.५/०० (पाँच) लिइनेछ ।

साथै हालसम्म हितग्राही खाता नखोल्नु भएका शेयरधनी महानुभावहरुले कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा हितग्राही खाता खोली आफुसंग रहेका शेयर प्रमाणपत्र अभौतिकिकरण गर्न सकिने व्यहोरा समेत जानकारी गराउंदछौं ।

***हालसम्म साधारण शेयर बाँडफाँटमा नपरेको रकम फिर्ता भुक्तानी तथा बाँडफाँटमा परेको शेयर प्रमाणपत्र लिन बाँकी भएका शेयरधनी महानुभावहरुले समेत कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आईएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौंमा सम्पर्क गनुहुन विनम्र अनुरोध गर्दछौं ।***

***नोटः*** IPS सदस्यता प्राप्त गेरका बैंक तथा वित्तीय संस्थाको विवरण Nepal Clearing House Ltd. (NCHL) को वेभसाइट बाट प्राप्त गर्न सकिनेछ । साथ भौतिक रुपमा शेयर धारण गरेका शेयरधनीहरुको लागि बैंक खाता उपलब्ध गराउदा आवश्यक पर्ने निवेदनको ढाँचा श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेडको वेभसाइट www.globalimecapital.com प्राप्त गर्न सकिने र उक्त निवेदन श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेडको Email ID : info@gicl.com.np मा समेत पठाउन सकिने व्यहोरा सहर्ष जानकारी गराउदछौं ।

**शेयर रजिष्ट्रारः**

**Global IME Capital Limited**
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

पोष्ट बक्स नं. २१५९९
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

मिति २०७३/११/०१ गतेको गोरखापत्र दैनिकमा प्रकाशित गर्ने